## २०७५ आश्विन २५ गते को गाउँकार्यपालिकाको बैठक को निर्णय

**प्रस्ताव नं १. उद्योग नविकरण सम्बन्धमा**

प्रस्ताव नं १ माथि छलफल गर्दा उद्योग व्यवसायी छविनारायण श्रेष्ठले अकला राइस मिल घरेलु तथा साना उद्योग व्यवसायीमा दर्ता भइ स्थायी लेखा नं प्राप्त गरि नियमित रुपमा आयकरमा कर तिर्दै आएकोमा घरेलु कार्यालयमा उक्त राइस मिल नविकरण नभएको भएतापनि नेपाल सरकारलाई कर तिरिरहेकोले उक्त फर्म लाई नियमानुसार हर्जना लिइ नविकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. २जलेश्वरी मा. वि. जग्गा खरिद सम्बन्धमा ।**

प्रस्ता नं २ माथि छलफल गर्दा वडा नं ४ को जलेश्वरी मा.वि. भवन २०७२/०१/१२ को विनासकारी भूकम्प र त्यस पछिका पराकम्पन ले पुर्ण क्षति भई पठनपाठनमा समस्या भएकोले पुरानो भवन भत्काई नयाँ भवन निर्माणको लागि जग्गा आवश्यक देखिएकोले गाउँपरिषदबाट विनियोजित बजेटलाई आधार मानि मिति २०७५/०६/०९ गतेको जग्गा प्राप्तिको प्रकाशित सूचना अनुसार पर्न आएका निवेदनहरुमा मुल्याङ्कन गर्न तपशील अनुसारको समिति गठन गर्ने र सो समितिको निर्णय गाउँ कार्यपालिकामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१) संयोजक - श्री कमला शर्मा-उपाध्यक्ष
२) सदस्य - रामहरि वराकोटी - ४ नं. वडा अध्यक्ष
३) सदस्य - देव बहादुर पुलामी - ३ नं. वडा अध्यक्ष
४) सदस्य -
५) सदस्य -
६) सदस्य सचिव - लक्ष्मण प्रसाद भट्टराई -प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं ३ च्याडुखोला सडक मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं ३ माथि छलफल गर्दा वर्षातको समयमा सिद्धलेक १ र निलकण्ठ न.पा. मा पर्ने च्याडुखोलाले सिद्धलेक १ का जनता हिंडडुल गर्न समस्या भएकोले प्राविधिक स्टमेटको आधारमा भैपरि शिर्षकबाट रु ५५ ,९८२।- छुट्टाई काम सम्पन्न गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**प्रस्ताव नं ४ सिद्धलेक फिम्स इटा उद्योग दर्ता सम्बन्धमा ।**

प्रस्ता नं ४ माथि छलफल गर्दा ६ नं वडा कार्यालयबाट सूचना प्रकाशित गरि सिफारिस भइ आएको फीम्स इट्टा उद्योग दर्ता प्रक्रिया अगाडि बढाउन सामाजिक विकास समितिबाट निरिक्षण गरि सो को प्रतिवेदनको आधारमा दर्ता प्रक्रिया अगाडि बढाउने सिफारिस गर्न सर्वसम्मतबाट निर्णय गरियो ।

**प्रस्ताव नं ५ वडा नं ७ कार्यालयलाई प्रोटेशन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं ५ माथि छलफलगर्दा ७ नं वडा कार्यालय भवन संरक्षण गर्न आवश्यक भएकोले भइपरि शिर्षकबाट रु १५० ¸०००।- छुट्टाई प्राविधिक प्रतिवेदनको आधारमा कार्यसञ्चालनको लागि रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ६ निजि विद्यालय सञ्चालन सम्बन्धमा ।**

प्रस्ताव नं ६ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को उपदफा २ को ज अनुसार मा व सम्म अनुमति दिइने अधिकार गाउँपालिकामा निहित रहेको र निजि विद्यालयले अनुमति वेगर विद्यार्थी भर्ना गरि पठनपाठन गराउदै आएको बुझिएकोले कानुन विपरित विद्यार्थी भर्ना गर्ने निजि विद्यालयको विद्यार्थी भर्ना गरेको रेकर्ड माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ६ पसल दर्ता सम्बन्धमा ।**

प्रस्ताव नै ७ माथि छलफल गर्दा गाउँपालिका भित्र सञ्चालित पसल लाई पसल दर्ता गरि मुल्यसूचि टाँस गराउन सूचित गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं ८ विद्युत लाइन जडान सम्बन्धमा ।

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउँपालिकाको नयाँ भवनमा ३ फेज लाईन जडान गर्न स्टमेट गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ९ आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं ९ माथि छलफल गर्दा सिद्धलेक ७ निवासी प्रकाश थापाको मिति २०७५/०५/१७ गते त्रिशुली नदीमा डुवेर मृत्यु भएकोले मृतकको दाहसंस्कार र काजक्रिया गर्न आर्थिक अवस्था कमजोर भएकोले रु २००००।- गाउँपालिकाबाट आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं १० ढुंगा गिट्टि वालुवाको टेण्डर सम्बन्धमा ।**

प्रस्ताव नं १० माथि छलफल गर्दा यस गाउँपालिकाले आन्तरिक आय तर्फको ढुंगा वालुवा गिटी संकलन तथा विक्री कर सम्बन्धी मिति २०७५/५/६ मा प्रकाशित सूचना अनुसार यस गाउँपलिका वडा नै ६ मा दर्ता रहेको ॐ शंकर कन्स्ट्रक्सन सिद्धलेक ६ धादिङले सवै भन्दा बढी अंक कवोल गरि मुल्याङ्कन समितिले स्वीकृत गरि

सम्झौताको लागि पत्राचार गरेकोमा उक्त कन्स्ट्रक्सनले समावधिमा पहिलो किस्ता वापतको रकम पुरै बुझाउन नसक्ने भनि समय माग गरिएकोले उक्त कम्पनीलाई मिति २०७५/०७/२५ सम्म म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं ११ मोटरसाइकल खरिद सम्बन्धमा ।**

प्रस्ताव नं ११ माथि छलफल गर्दा यस गाउँपालिकाले पुनिगत तर्फको बिबिध शिर्षक बाट एक थान मोटरसाइकल खरिद गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।